# NEB - GRADE XII
## 2079 (2022)
## ऐच्छिक नेपाली
(नयाँ पाठ्यक्रम)
नियमित परीक्षार्थीका लागि

*विद्यार्थीहरूले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

**समय:- ३ घण्टा** **पूर्णाङ्क: ७५**

### समूह 'क'

**सबै** प्रश्नको उत्तर दिनुहोस् : ४x५=२०

१. तलको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :
शक्तिको डोरी हातमा बेर्दै फुकाउँदै रनेले भन्यो, "जन्मेपछि एक दिन मर्नुपर्छ ढिलो र चाँडो मात्रै हो । परिबन्द भन्दो रैछ परिबन्द भन्यो क्या हो क्या हो ।" फेरि स्वास्नीतिर फर्केर भन्यो, "मो यस्तो भैहाल्यो । तँलाई जहाँ बसेर- "सुक्ख हुन्छ- बसेर खाई जिउ गर ।" रने एक दुई कदम अघि बढ्यो, फेरि अडी सेतीतिर फर्केर हँसिलो मुख लगाई भन्यो, "मलाई एउटा कुराको सन्तोक भो । रेजिमेन्टले मैले मारेको ठाने पनि - तेरो मनमा त म चोखै छु , हगि ।" सेतीले टाउको हल्लाई । "त्यति भए मलाई पुग्यो ।"
(क) रनेलाई सन्तोक लाग्नुको कारण के हो ?
(ख) रने के कारणले कस्तो परिबन्दमा फसेको छ ? स्पष्ट पार्नुहोस् ।

२. तलको कवितांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :
जहाँ
हरिया हरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यानो घाममा
हिमालले सधैँ ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैँ मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ ।
(क) माथिको कवितांशमा प्रकृतिलाई कसरी मानवीकरण गरी देखाइएको छ ?
(ख) माथिको कवितांशमा देशप्रेमलाई कसरी व्यक्त गरिएको छ ?

३. तलको निबन्धांश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :
गोमन सर्प पनि दुलोभित्र बस्छ किन होला ? भनूँ बरु सर्प जातमा कमसल, कम बिषालु, रिस पनि त्यति नभएका, विकरालता पनि उति साह्रो नभएका हुनाले दुलोभित्र नबसे न्याउरीका फेला

क्रमश:



परिन्छ कि, मजूरले पो ठुँग्ने हो कि अथवा यस्तो सडक, आँगन, खलो नाच्दा केटाहरूका आँखा परी लौरो बजाइपाइने हो कि भन्ने डर हुन्छ तर गोमन सर्पलाई केको डर ? ती सबै नै उसका शत्रु हुन सक्छन् तर पनि त उसले त्यसरी दुलोभित्रै बस्नु त नचाहनुपर्ने हो । उसले त एउटा साहसी, वीर हक्की, लडाकु भई धर्तीमाथि नै आफ्नो घर बनाउनु पर्ने हो । दुई चार दिन कुनै फुसका छानामा बसेर कहिले घरका अन्तरकुन्तरमा लुकेर कहिले रुखका हाँगामा हल्लिएर मात्रै त बसोबासको टुंगो लाग्दैन नि ।
(क) निबन्धकारले गोमन सर्पलाई किन दुलोभित्र बस्न नपर्ने सङ्केत गरेका छन् ?
(ख) माथिको निबन्धांशमा कसलाई व्यङ्ग्य गरिएको हो ? छोटो चर्चा गर्नुहोस् ।

४. तलको आत्मजीवनीको अंश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् :
मान्छेको जीवन चित्रमय हुन्छ होइन ? विभिन्न कोणहरुबाट खिचिएको चित्र जस्तो रङ्ग विरङ्गका । कति रङ्गहरूका त सायद नामकरण भैसकेका छैनन्, यो रातो, यो निलो भने जस्तो । मान्छे बाँच्ने आखिर मान्छेको सम्झनामा हो । माया गर्ने र माया गरिएकाहरू, घृणा गर्ने र घृणा गरिएकाहरू, सहानुभूति दिनेहरू अथवा जसको निम्ति दुई दुई शब्द कोर्नु छ र जसलाई मनको गहिराइबाट निकालेर कागजमा उतारिदिनु छ म लेख्दै जाने छु टुक्रा-टुक्री अभिव्यक्तिहरूमा । म आफ्नो मनलाई खाली पार्दै लाने छु र आफू प्रतिबद्ध भएको जनताको बाटोमा अझ हलुङ्गो हुँदै दौडने छु । यो मात्र एउटा छ्यासमिसे सुरुआत हो, चित्रमय भूमिका हो । आजभोलि मलाई जीवन दिनदिनै नयाँ लाग्छ, जीवनप्रतिका मेरा अर्थहरू दिनदिनै प्रष्टिँदै गएको जस्तो लाग्छ, मेरो हातेमालो दिनदिनै फराकिलो हुँदै गएजस्तो लाग्छ मलाई ।
(क) माथिको अंशमा मानिसको जीवनलाई किन चित्रमय भनिएको हो ?
(ख) माथिको अनुच्छेदमा प्रयुक्त भाषाशैलीबारे छोटो टिप्पणी गर्नुहोस् ।

### समूह 'ख'

**कुनै** तीन प्रश्नको उत्तर दिनुहोस् : ३x५=१५

५. आधुनिक नेपाली कथाको सामाजिक यथार्थवादी धाराका प्रमुख पाँचओटा विशेषताहरूको सङ्क्षिप्त वर्णन गर्नुहोस् ।
६. स्वच्छन्दतावादी नेपाली कविताका मुख्य विशेषता उल्लेख गर्नुहोस् ।
७. खण्डकाव्यका प्रमुख तत्त्वहरू के के हुन् ? छोटकरीमा चिनाउनुहोस् ।
८. आधुनिक नेपाली उपन्यासको विसङ्गतिवादी अस्तित्ववादी धाराका प्रवृत्ति लेख्नुहोस् ।

### समूह 'ग'

कुनै **दुई**को सप्रङ्ग व्याख्या गर्नुहोस् : २x५=१०

९. बहिनी, म मायाको गङ्गामा पौडँदै छु भनेको त भासमा पो परेकी रहिछु । बहिनी, मेरो कुरा त सुनिदेऊ । तिमीलाई भन्दा पनि बढ्ता मलाई अन्याय भएको छ ।

क्रमश:

१०. दरबार पसे पनि घरबार बसे पनि फसादको दशा उत्तिकै । त्यतिका महापुरुष भेट्टाउँदा पनि चित्त बुझाउन नसक्दा मलाई एक दिन झ्वाट लाग्यो ... म स्वयम् पनि त एउटा महापुरुष हुँ ।

११. भोलि समयले उसलाई के पाठ सिकाउँछ के सिक्छ समयबाट थाहा छैन । तर भोलि उसले मनमा मसँगको ताजा प्रवाह बोकेर आउँछ भने यो घर र मेरो हृदयको ढोका सधैँ खुल्ला छ उसका निम्ति ।

## समूह 'घ'

कुनै **एक** प्रश्नको उत्तर दिनुहोस् : १x६=६

१२. 'मुनामदन' खण्डकाव्यमा धन र मनको कसरी तुलना गरिएको छ ? छोटो समीक्षा गर्नुहोस् ।

१३. 'इरफान अली' कथाको पात्र इरफानलाई जेलमा लगेपछि जेलभित्र के के घटनाहरू भए ? कम्तिमा छओटा घटनालाई क्रमश: उल्लेख गर्नुहोस् ।

## समूह 'ङ'

कुनै **तीन** प्रश्नको उत्तर दिनुहोस् : ३x८=२४

१४. 'जीवन चङ्गा' कवितामा के कस्तो अलङ्कारको उपयोग गरिएको छ ? उदाहरणसहित प्रस्तुत गर्नुहोस् ।

१५. 'मसान' नाटकको पात्र कृष्णका व्यवहारप्रति तपाईंको प्रतिक्रिया के छ ? समीक्षात्मक विश्लेषण गर्नुहोस् ।

१६. 'औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा' निबन्धमा निबन्धकारले कस्तो जीवनदर्शन प्रस्तुत गरेका छन् ? स्पष्ट पार्नुहोस् ।

१७. 'हिउँका डोबहरू' कथामा प्रयुक्त भाषाशैलीलाई उदाहरण दिई चर्चा गर्नुहोस् ।

-0-